# प्रदेश सभा

## गण्डकी प्रदेश

## तेस्रो अधिवेशन

## (आठौं बैठक)

## मिति : २०७५÷११÷२१ गते, विहान ११:०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको तेस्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको ११ बजेर ५६ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, अबको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम म माननीय रविन्द्र प्रसाद अधिकारीको निधन भएकोमा शोक प्रस्ताव प्रस्तुत गर्दछु :-

### शोक प्रस्ताव

"प्रदेश सभाको यो बैठक कास्की जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधि सभामा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बाट प्रत्यक्ष निर्वाचित भई नेपाल सरकारको माननीय सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रविन्द्र प्रसाद अधिकारीको कर्तव्य परायणको क्रममा ताप्लेजुङ्गमा २०७५ साल फागुन १५ गते हेलिकप्टर दुर्घटना भई ४९ वर्षको उमेरमा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक—सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

उक्त शोक प्रस्तावलाई सहमती जनाई दिनु हुन अनुरोध गर्दछु ।

**माननीय सभामुखज्यू**

उक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, त्यसै गरि उहाँ संगै हेलिकप्टर दुर्घटनामा अन्य ६ जना व्यक्तित्वहरु विरेन्द्र प्रसाद श्रेष्ठ, युवराज दाहाल, प्रभाकर के.सी., अर्जुन घिमिरे, आङछिरिङ शेर्पा र धुर्व भोछीमोया को पनि असामयिक निधन भएकोले उहाँहरुको आत्मको चीर शान्तिको कामना गर्दै हार्दिक समावेदना प्रकट गर्दछ र यस दुखद घडीमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि यो सभा कामना गर्दछ ।

माननीय सदस्यहरु, नेपाल सरकारको पूर्व उपप्रधान तथा अर्थमन्त्री तथा नेपाल कम्युनिष्ट पाटी (ने.क.पा) का नेता श्री भरतमोहन अधिकारी को २०७५ साल फागुन १८ गते ८२ वर्षको उमेरमा असामयिक निधन भएकोले उहाँको आत्मको चीर शान्तिको कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछ र यस दुखद घडीमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि यो सभा कामना गर्दछ ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, अब हामी स्वर्गिय श्री रविन्द्र प्रसाद अधिकारी लगायत अन्य मृतकहरुको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गरौं ।

**मौन धारण शुरु ................................................ धन्यवाद ।**

**माननीय सभामुखज्यू**

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल फाल्गुन २२ गते दिनको १:०० बजे सम्मको लागी स्थगित हुन्छ ।**